जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : mgnd2070@gmail.com

बर्षः ११, अंकः ९१ पृष्ठः ४ | २०८१ साउन १७ गते विहीबार (Thursday 01 Aug. 2024) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## गोलबजार नगरपालिकाको कार्यक्रमस्थलमै अख्तियारको छापा



सिरहा, १६ साउन। गोलबजार नगरपालिकाले असारको मिति राखेर साउनमा गरेको 'न्यायमा पहुँच बढाउनको लागि पदाधिकारीहरुलाई अभिमुखिकरण' तालिमहलमा अख्तियारले छपा मारेको छ। नीति निर्माण गर्ने र कार्यक्रम बनाउने जन प्रतिनिधीहरु नै नियम कानुनको मानमर्दन गर्दै पुरानो मिति राखेर कार्यक्रम गरिरहेकै स्थानमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग बर्दिवासको टोलिले छापा मारेको हो।

अख्तियार टोलिले छानबिनका लागि साउनमा कार्यक्रम गरेको विवरण खुल्नेगरी मुचुल्का, कार्यक्रममा उपस्थितहरुको हाजिरीको नक्कल र असारको मिति राखेर प्रयोग भएको कार्यक्रमको व्यानरलगेको बताएको छ।

आयोग बर्दिवासका सूचना अधिकारी उपसचिव तुलसीराम पौडेलले टोलि गएको पुष्टि गर्दै अहिले छानविनको प्रकृयामा रहेको बताए। गोलबजार नगरपालिकाले असार १८ देखि २१ गतेको मिति राखेर 'न्यायमा पहुँच बढाउनको लागि पदाधिकारीहरुलाई अभिमुखिकरण' तालिम अहिले सञ्चालन भईरहेको थियो।

गत आर्थिक वर्ष २०८०/०८१ को वार्षिक कार्यक्रम अनुसार असार मसान्तमा सक्नु पर्ने कार्यक्रम नगर उप-प्रमुख मान्ती साहकै मिलेमतोमा प्रक्रिया मिचेर मध्ये साउनमा गरेको कार्यक्रममा सहभागी एक वडा अध्यक्षले जानकारी दिए। उपमेयर साहले कर्यक्रमको उद्घाटन गर्नु,

**-बाँकी दुई पेजमा**

## पेट्रोल र डिजेलको मूल्य घट्यो



काठमाडौं, १६ साउन। पेट्रोल र डिजेलको मूल्य घटेको छ। इण्डियन आयल कर्पोरेसनबाट बुधबार मूल्य घटेर आएपछि नेपाल आयल निगमले बिहीबारदेखि लागू हुने गरी मूल्य समायोजन गरेको हो। जसअनुसार पेट्रोलमा प्रति लिटर १ रुपैयाँ तथा डिजेल र मट्टितेलमा २ रुपैयाँले मूल्य घटेको छ।

मूल्य समायोजनपछि काठमाडौंमा पेट्रोलको भाउ प्रतिलिटर १७० रुपैयाँ कायम भएको छ भने डिजेल र मट्टितेलको प्रतिलिटर १५८ रुपैयाँ कायम भएको छ। हवाई इन्धन र एलपी ग्याँसको मूल्य बढेर आएपनि हाललाई यथावत राखिएको निगमले जनाएको छ।

## लागु औषधसहित युवक पक्राउ

रौतहट, १६ साउन। रौतहटको सदरमुकाम गौरमा ललितपुरका एकजना युवक लागु औषध सहित पक्राउ परेका छन्। पक्राउ पर्नेमा ललितपुर महानगरपालिका ३ ईमाडोल बस्ने वर्ष २१ को समिर भुसाल रहेको जिल्ला प्रहरी प्रवक्ता डीएसपी एलिजा गिरीले बताएकी छिन्। अस्थाई प्रहरी पोष्ट बसपार्क गौरको टोलीले मंगलवार राती पौने १० बजे चिया पसल अगाडी शङ्कास्पद अवस्थामा हिँडडुल गरिरहेका भुसालले बोकेको झोला भित्र चेकजाँच गर्दा डाईजिपाम इंजेक्शन २ एमएलको ९६ , नर्फिन इंजेक्शन ९६ , प्रोमेथाजिन फेनारगन ९६ गरी २८८ एमपुल नशालु इंजेक्शन, नगद १७ हजार ७०रुपैयाँ, भारु १० रुपैयाँ, मोबाइल १

**-बाँकी दुई पेजमा**

## सुखिपुर नगरपालिकामा मजदुरले गरे तालाबन्दी, पाँच दिन वितिसक्दा पनि सरोकारवाला मौन

सिरहा, १६ साउन। सिरहाको सुखिपुर नगरपालिकामा स्थानीय मजदुरहरुले मजदुरी नपाएको भन्दै विगत पाँच दिनदेखि तालावन्दी गरेर धर्नामा बसेका छन्। प्रधानमन्त्री स्वरोजगार कार्यक्रममा कार्यरत मजदुरहरुले तोकेको पारिश्रमिक नपाएको भन्दै नगरपालिकाको



मूख्य गेटमै तालावन्दी गरेर धर्नामा बसेका हुन्। दैनिक ६६७ रुपैयाँका दरले पारीश्रमिक दिने सम्झौता अनुसार तीन महिना काम गराएपनि आफूहरुले तोकेका पारीश्रमीक नपाएको सुखिपुर ६ का मजदुर सैदि सदायले बताए। उनी जस्तै सुखिपुर ६ कै रेखादेवि रामले पनि पारिश्रमीक पाएका छैनन्। वडा नम्वर १० का गनिता मोचि र अरहुलिया देवी रामसहित १५ जना

**-बाँकी तीन पेजमा**




GUPTA BROTHER'S AUTO TRADE
MIRCHAIYA, 9815732999, 9805973429, 033-550585

MA DHAMINI AUTO CONCERN
GOLBAZAR, 9801591693

SNEHA AUTO ZONE
SIRAHA-7, THANA CHOWK, 033-520255, 9801552815

**चट्याङबाटबच्ने उपायः**

- बिजुली चम्केको बेला सचेत र सतर्क रहौं,
- विद्युतीय तरङ्ग टिप्न सक्ने धातुजन्य र भिजका वस्तुबाट टाढा बसौं,
- विद्युतीय उपकरण बन्द गरौं,
- घर तथा भवनमा अर्थिङ्ग लगायतका सुरक्षात्मक उपाय अपनाऔं,
- बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कौं,
- सकेसम्म घरभित्रै झ्याल ढोका बन्द गरेर सुक्खा ठाउँमा बसौं,
- सकभर अग्लो स्थान तथा रुखका छहारिमा नबसौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# सम्पादकीय

## अन्धेर नगरीको चौपट राजकाज

खन्छन्, पुर्छन् र फेरि खन्छन्। यी नेपालका सरकारी अड्डा हुन्। विशेषगरी सहरमा यिनको खन्ने, पुर्ने र फेरि खन्ने धन्दा चलिरहन्छ अनवरत। काठमाडौं महानगरपालिकाले नयाँ सडकलाई झन् नयाँ बनाउन सडक खनायो। सडक विभागले पनि त केही गरेर देखाउनै पर्‍यो। खनेको सडक पुरिदियो। मुद्दा हेर्ने पाटन उच्च अदालतले फैसला गर्‍यो – महानगरपालिकाले सडक भत्काउन र बनाउन पाउँछ। भाँजो नहाल। अनि के थियो ? महानगरले फेरि भत्काउन थाल्यो। स्थानीय बासिन्दा केहीलाई मोटर गुड्ने सडक फराकिलो चाहियो। केहीले पैदल हिँड्ने बाटो फराकिलो हुनुपर्छ भने। महानगरपालिकाका जनप्रतिनिधि विभाजित भए। खन्ने र पुर्ने होड चल्यो।

खन्ने र पुर्ने काममा राज्यको ढुकुटीको सत्यानाश गरेपछि धन्न दुवै पक्षले केही समय पर्खने सहमति गरेछन्। अहिले बाटो खन्ने, पुर्ने र ढुकुटी मास्ने काम केही समयका लागि थाती रहेको छ। यो त एउटा सडकको कुरा भयो। काठमाडौं र अहिले त देशैभर सरकारी अड्डाका हाकिमहरूको हानथापले बाटो खन्ने र भत्काउन, बनाउन नदिने होडबाजी चलेको छ। सहरको सौन्दर्य बिग्रो भनेर बिजुलीको तार जमिनमुनि गाड्न अर्बौं रुपियाँको योजना बन्यो। त्यसका लागि पनि सडक त खन्नै पर्‍यो। सडक विभागको अनुमति चाहियो। सडक विभागको चासो सडकको संरक्षण हुने नै भयो। जथाभावी सडक खन्ने अनुमति त विभागले दिने कुरा पनि भएन। सडक अवरोध भए गाल पर्ने त विभागलाई नै हो नि !

सडकको बीचमा बिजुली खम्बा पनि देखिएकै छ। सडक विभाग भन्छ प्राधिकरणले खम्बा सारेर सहयोग गरेन। सडक निर्माण रोकियो। ठेकेदारले बेलामा काम सक्न पाएन। वनले रुख काट्ने अनुमति दिएन। फलस्वरूप, कतै विद्युत् प्रसारण आयोजना निर्माणमा बाधा पर्‍यो भने कतै सडक निमार्णमा ढिलाइ भयो। वन विभाग भन्छ कानुनको पालना त गर्नै पर्‍यो। यसरी चारैतिर लथालिङ्ग छ। भताभुङ्ग छ। प्रधानमन्त्री खड्गप्रसाद शर्मा ओली भने सबै मन्त्रालयका सचिवहरू बोलाएर भन्छन जनताले धरहरा चढ्न पाएनन्। चाँडै व्यवस्था मिलाऊ ! देशको आवश्यकता के हो र शासकको प्राथमिकतामा के छ भन्ने दृष्टान्त देशभर जताततै भत्केका सडकको दुरवस्था तर धरहरा चढाउने शासकको ध्याउन्नले बताउँछ। धत ! अन्धेर नगरीको चौपट राजकाज !

जनताको चिन्ता हुन्थ्यो भने पृथ्वी राजमार्ग, बुटवल–नारायणगढ वा द्रुतमार्ग निर्माण छिटो गर्न निर्देशन दिइन्थो होला। कम्तीमा काठमाडौंका सडकहरूलाई जोखिम र असुविधामुक्त बनाउन आदेश दिएको भए पनि त हुन्थ्यो।

काठमाडौंमै पनि प्राथमिकता दिनुपर्ने विषय त अरू नै थिए। सडकमा हिँडडुल गर्नै नसकिने गरेर थुपारिएका निर्माण सामग्री तह लगाउन वा पैदल बाटामा धराप थापेजस्ता खाडल पुर्न निर्देशन दिएको भए हुन्थ्यो ? प्रधानमन्त्री ओलीको झिल्के विकासको मोहसँग देशको वास्तविकताको सायद भेटघाटै नहुने भयो। काठमाडौंका जनता धरहरा चढ्नभन्दा ज्यानको जोखिम नभएको सडकमा हिँड्न चाहन्छन् भन्ने यिनले कहिले बुझ्लान् ?

# केन्द्रमा सहजै सरकार बन्दा प्रदेशमा किन भइरहेको छ किचलो ?

**जङ्ग तामाङ**

घुँडामा समस्या देखिएपछि उपचार गर्न भारत पुगेका गण्डकीका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डे कहिले स्वदेश फर्किन्छन् भन्ने टुङ्गो छैन। एमालेसँग सरकार विस्तारमा सामान्य छलफलसमेत नगरी दिल्ली गएकै कारण प्रदेशमा मन्त्रिपरिषद् पुनर्गठनमा विलम्ब भएको छ। गठबन्धनको एउटा घटक एमालेले चाहिँ जतिसक्दो छिटो सरकारमा सहभागी हुन चाहेको छ। तर, मुख्यमन्त्री पाण्डे स्वदेश फर्केर कांग्रेस सभापति शेरबहादुर देउवा, एमाले अध्यक्ष तथा प्रधानमन्त्री केपी शर्मा ओली र गण्डकी प्रदेश एमाले संसदीय दलका नेता खगराज अधिकारीसँग संवाद नगरी मन्त्रिपरिषद् पुनर्गठन सम्भव देखिँदैन।

गण्डकी सरकारमा एमालेलाई सहभागी गराउनु समस्या होइन, समस्या त मुख्यमन्त्री पाण्डेलाई संकटपूर्ण अवस्थामा विश्वासको मत दिएर सरकार जोगाएका मन्त्रीहरू राजीव गुरुङ (दीपक मनाङे) र फणीन्द्र देवकोटाको व्यवस्थापन हो। एमाले संसदीय दलकी सचेतक देवका पहारी त्रिपाठीले केन्द्रमा जसरी गण्डकीमा पनि कांग्रेस–एमालेको सत्ता समीकरण हुनुपर्ने पक्षमा पार्टी रहेको बताइन्। दुई जना मन्त्री गुरुङ र देवकोटाको व्यवस्थापनको विषय कांग्रेसले नै जान्ने पनि बताइन्। 'केन्द्रमा कांग्रेस–एमालेको जुन समीकरण बनेको छ, प्रदेशमा त्यसअनुसार हुनुपर्छ,' उनले शिलापत्रसँग भनिन्, 'उहाँहरू (गुरुङ र देवकोटा)लाई हटाउने कुरा हाम्रो होइन तर कांग्रेसले कति मन्त्रालय पाउने हो ? त्यसअनुसार उहाँहरूलाई व्यवस्थापन गर्दा हाम्रो आपत्ति रहेन।'

गुरुङ र देवकोटालाई कांग्रेसले सरकारमा यथावत् राख्न चाहेको छ। दुवै जना पाण्डेका लागि 'सत्ता संकटमोचक' हुन्। उनीहरूलाई साथै लिएर सरकार पुनर्गठन गर्नुपर्ने पक्षमा पाण्डे र उनको दल कांग्रेस देखिएको छ। कांग्रेस संसदीय दलका प्रमुख सचेतक नन्दप्रसाद न्यौपानेले भने, 'उहाँहरूलाई समेटेरै मन्त्रिपरिषद् पुनर्गठन हुन्छ। केन्द्रमा पनि साना दलहरूलाई मिलाएर सरकारमा लगिएको छ, यहाँ पनि त्यसै गर्नुपर्छ,' न्यौपानेले भने, 'भागवण्डा गर्दा उहाँहरूलाई पनि समेट्नुपर्छ।' गण्डकीमा दुई मन्त्रीको व्यवस्थापनबारे टुंगो नलाग्दा कांग्रेस–एमालेको सरकार पुनर्गठनमा विलम्ब भएको देखिएको हो। अन्य प्रदेशमा पनि सरकार पुनर्गठनमा गञ्जागमञ्जाङ देखिएको छ। सरकार पुनर्गठनमा अधिक किचलो सत्तारुढ प्रमुख घटक कांग्रेसमा देखिएको हो। सोही कारण कोशी र कर्णालीमा सरकार पुनर्गठनमा ढिलाइ भएको छ।

कोशीको हकमा त्यहाँका पूर्वमुख्यमन्त्रीहरू उद्धव थापा र केदार कार्कीबाहेकका कांग्रेस सांसदहरू मन्त्री बन्न हँपझँप गरिरहेका छन्। एक नेताका अनुसार त्यहाँ गुटगत रूपमा मन्त्रीको 'बार्गेनिङ' चलिरहेको छ। कांग्रेस सभापति शेरबहादुर देउवालाई डा. शेखर कोइराला गुट र कृष्णप्रसाद कोइराला गुटले मन्त्री बाँडफाँटका लागि दबाब दिइरहेका छन्। यसमै सहमति नजुट्दा सरकार गठनमा ढिलाइ भएको ती नेताले बताए। कांग्रेस कोशी प्रदेश संसदीय दलका प्रमुख सचेतक गोपाल तामाङका अनुसार केन्द्रीय नेताहरूले नै मन्त्री छानेपछि सरकार पुनर्गठन हुनेछ। 'प्रदेश त भन्ने मात्रै न हो, मन्त्री छान्ने केन्द्रले नै हो। केन्द्रले छानेपछि मन्त्रिपरिषद् पुनर्गठन हुन्छ,' उनले भने।

बागमती प्रदेशमा पनि सरकार गठन निकै सकसपूर्ण ढंगले भयो। कांग्रेसभित्रको दुई गुटको 'सत्तालडाइँ' प्रस्टै देखियो। मुख्यमन्त्री बहादुरसिंह लामा तामाङले आर्थिक मामिला तथा योजनामन्त्रीका रूपमा प्रभात तामाङलाई नियुक्त गरे पनि अन्ततः हटाएर कुन्दनराज काफ्लेलाई मन्त्रीका रूपमा शपथ ग्रहण गराए। त्यहाँ अझै कांग्रेसमा गुटगत विवाद कायमै छ। उनलाई हटाएपछि हरिप्रभा खड्गीको इन्ट्री भएको थियो। उनी प्रकाशमान सिंहको कोटाबाट मन्त्री भएकी हुन्। प्रभात प्रकरणले बागमती कांग्रेसमा शीतयुद्ध सुरु भइसकेको छ। त्यो विस्फोटको चरणमा छ। त्यसमाथि नेता इन्द्र बानियाँको समूहले रस्साकस्सी पनि प्रदेशमा कम छैन। सहमहामन्त्री डिना उपाध्याय मकवानपुरको राजनीतिमा बानियाँलाई कमजोर बनाउने रणनीतिमा रहेका कारण पनि कांग्रेसको बागमतीको राजनीति निकै पेचिलो भइरहेको छ।

लुम्बिनी प्रदेशमा भने सरकार गठनको क्रममा कांग्रेस–एमाले दुवैमा किचलो भयो। एमालेले संसदीय दलको नेता लीला गिरीलाई छाडेर महासचिव शंकर पोखरेलनिकट चेतनारायण आचार्यलाई मुख्यमन्त्री बनायो। यसप्रति असन्तुष्ट गिरीले पदबाट राजीनामा दिइसकेका छन्। एमालेभित्र उपाध्यक्ष विष्णु पौडेल र महासचिव पोखरेल समूहको शीतयुद्ध चर्किन थालिसकेको छ। प्रदेश कमिटी र प्रदेश सरकार दुई धारमा देखिने संकेत मिलिसकेको छ। कांग्रेसमा भने मन्त्रालय भागवण्डामा लफडा पर्‍यो। डा. शेखर कोइरालाले नेतृत्व गरेको संस्थापनइतर पक्षले एक मन्त्रालय पाएको भन्दै असन्तुष्टि जनायो। मन्त्री छनोट केन्द्रबाटै भएको भन्दै कोइरालानिकट मानिने प्रदेश सभापति अमर पुन असन्तुष्ट छन्। त्यसबाहेक कांग्रेसले जन्मजाय तिमिल्सिनालाई रोकेर विवादास्पद पृष्ठभूमिका रोज राणा र बादशाह कुर्मीलाई मन्त्री बनाएपछि थप विवाद भइरहेको छ।

त्यसले केन्द्रीय राजनीतिलाई पनि प्रभावित बनाएको छ। त्यसो त कांग्रेसमा पछिल्ला दिनमा संसदीय दलको नेताबाट डिल्ली चौधरीलाई हटाउन संस्थापनइतर समूह पनि सक्रिय भएको छ। संस्थापनका सांसद राजु खनालइतर समूहमा सक्रिय हुने संकेतसँग चौधरीको पद धरापमा परेको पनि कांग्रेस स्रोतको भनाइ छ। लुम्बिनीको छिमेकी प्रदेश कर्णालीमा त सभापति देउवा टिमभित्रै मन्त्री बन्न हानथाप छ। मन्त्री बन्न रस्साकस्सी जारी छ। त्यहाँ सभापति देउवापत्नी तथा परराष्ट्रमन्त्री डा. आरजु राणा, उपसभापति पूर्णबहादुर खड्का, नेता हृदयराम थानी, जीवनबहादुर शाहीलगायतले भाग खोजेका छन्। यसले गर्दा एमालेका यामलाल कँडेल मुख्यमन्त्री भएको सरकारले पूर्णता पाएको छैन।

केन्द्रीय सदस्य राजीवविक्रम शाह र जानकी सिंहलाई मन्त्री बनाउने कि नबनाउने भन्ने विषय पनि पेचिलो भएको छ। कांग्रेसको इतर समूहबाट सुरेश अधिकारीको नाम फाइनल भइसकेको छ। संसदीय दलको नेता पनि छैन। नेता शाही भ्रष्टाचारको मुद्दामा परेपछि कांग्रेसले अर्को नेता चयन गरेको छैन। सुदूरपश्चिम प्रदेशमा भने कांग्रेस–एमालेले सरकार गठनको प्रक्रिया नै अघि बढाएका छैनन्। त्यहाँ यी दुवै दलमा आन्तरिक किचलो छ। यसको व्यवस्थापन भइसकेको छैन। यही बेला नेकपा एसबाट मुख्यमन्त्री भएका दीर्घ सोडारीले विश्वासको मत लिने भनिरहेका छन्। कांग्रेस–एमालेको भने सरकार गठन गर्ने सुरसारै छैन।

# नेपालका जेलमा साढे २८ हजार कैदी, सबैभन्दा धेरै जबरजस्ती करणीका

काठमाडौँ, १६ साउन। नेपालका जेलहरूमा रहेका कैदीबन्दी मध्ये सबैभन्दा धेरै जबरजस्ती करणी घटनामा संलग्न व्यक्तिहरू रहेका छन्। त्यसपछि लागु औषध प्रयोगकर्ता र कर्तव्य ज्यान मुद्दा कैदीहरू रहेका छन्। बुधवार बसेको प्रतिनिधिसभा अन्तर्गतको राज्यव्यवस्था तथा सुशासन समितिको बैठकमा कारागार व्यवस्थापन विभागका महानिर्देशक जयनारायण आचार्यले सांसदहरूलाई दिएको जानकारी अनुसार नेपालमा हाल कूल कैदी बन्दी २८ हजार ६१३ रहेका छन्। जसमा थुनुवा १० हजार ९३२ रहेका छन् भने १७ हजार ६८१ कैदीबन्दी रहेका छन्। जसमा पुरुषको संख्या २६ हजार ९६६ रहेको छ भने महिलाको संख्या १६४७ रहेको छ। ६५ वर्ष माथिका ज्येष्ठ नागरिक ६१८ रहेका छन्। यस्तै१ हजार ४३२ विदेश नागरिक रहेका छन्। जेलमा रहेका महिलाहरूमा आश्रित बालबालिकाको संख्या ६१८ रहेको छ।

सबैभन्दा धेरै जबरजस्ती करणीमा ७ हजार ४५३ जना जेलमा रहेका छन्। यस्तै दोस्रोमा लागु औषध प्रयोगकर्ता कैदीको संख्या ६ हजार११४ रहेको छ भने तेस्रोमा व्यक्तिको ज्यान मारेको अभियोगमा ४ हजार ७९४ जना कैदीका रूपमा रहेका छन्।

**जेलको क्षमता १६ हजार, कैदी संख्या २८ हजार**

देशका ७२ जिल्लामा ७५ वटा कारागार रहेका छन्। भक्तपुर, धनुषा, बारा, पूर्वी नवलपरासी र रुकुम पूर्वमा कारागार छैन। काठमाडौं, दाङ र बाँकेमा दुई–दुईवटा कारागार छन्। यी कारागारमा क्षमताभन्दा बढी कैदी बन्दी रहेका कारण समस्या रहेको कारागार व्यवस्थापन विभागले जनाएको छ। ७५ कारागारमध्ये ९ वटा कारागार भवन कठिन अवस्थामा रहेको, ३३ वटा कारागारको पर्खाल भत्किएको, १० वटा कारागारको छाना चुहिने, २८ वटा कारागारको भवन जिर्ण रहेको महानिर्देशक जयनारायण आचार्यले जानकारी दिए। यस्तै काठमाडौँको केन्द्रीय कारागारमा १६ सय कैदीबन्दी क्षमता रहेकोमा ३८ सय कैदी बन्दी रहेको बताए। काठमाडौँमा रहेका कैदीबन्दीमध्ये अधिकांश बिरामी रहेको बताए। आचार्यले भने 'अधिकांश कारागारमा स्वास्थ्य चौकी छ तर स्वास्थ्यकर्मी छैनन्, धेरै कैदी बन्दी बिरामी छन्, उनीहरूको उपचारका लागि ठुलो धनराशि खर्च हुने गरेको छ।'

काठमाडौँका कैदीबन्दीमध्ये १७ जना हेपाटाइटिसका बिरामी रहेको उनीहरुले दैनिक १७ हजार रुपैयाँको औषधी खाने गरेको बताए। बिरामीलाई औषधी उपचार गरेर जोगाउने कठिन रहेको आचार्यले बताए।

**कैदीबन्दीका लागि वार्षिक झन्डै २ अर्ब खर्च**

नेपालमा रहेका कूल २८ हजार हाराहारी रहेका कैदी बन्दीलाई रासन–पानी र उपचारका लागि वार्षिक झन्डै २ अर्ब हाराहारी खर्च हुने गरेको छ। दैनिक खाना र सिदाका लागि हाल १ अर्ब ७५ करोड रुपैयाँ खर्च हुने गरेको र ६१ करोड रुपैयाँ अझै अपुग अवस्थामा रहेको अचार्यको भनाई छ। ९३३ कैदी बन्दीलाई स्वास्थ्य बिमा प्रक्रियामा ल्याए पनि अन्य कैदी बन्दीको छद्म नाम हुने, नागरिकता नहुने जस्ता कारणले स्वास्थ्य बिमा कार्यक्रममा समेट्न नसकिएको उल्लेख गरे। यस्तै भक्तपुर, विराटनगर लगायतका विभिन्न ८ जिल्लामा बाल सुधार गृह रहेको र त्यसमा १२ सय ९४ जना बाल बिज्याँई (अपराध) गरेका बालबालिकाहरु रहेका छन्। जसमा १८ वर्ष उमेर काटिसकेकाहरूको ठुलो संख्या रहेको छ।

–बाँकी अन्तिम पेजमा

*गोलबजार ...*

पालिकाको १३ वटै वडाका वडाअध्यक्षहरु कार्यक्रममा सहभागी हुनु र सबैको आँखा अगाडी नै कार्यक्रमको मिति एक महिना अगाडीको राख्नुले नै नगरमा बेथितीको चरम उत्कर्ष पार गरेको स्थानियहरु बताउँछन्।

गोलबजार नगरपालिको आर्थिक सहयोग, सामुदायिक महिला विकास केन्द्र, सिरहा २ को आयोजना र सामाजिक वातावरण विकास केन्द्र अर्नमा ५ को समन्वयमा नियम विपरित अभिमुखिकरण कार्यक्रम संचालन भईरहेका पाइएको छ। न्यायिक समितिको अगुवाईमा भईरहेको कार्यक्रममा नगरपालिकाका १३ वटै वडा र मेल मिलापकर्ताहरुलाई अहिले आएर तालिम दिएको खुलेको छ। अनियमित भएको समावार विभिन्न सञ्चार माध्ययमहरुमा प्रकाशित प्रशारित भएपछि अख्तियारको ध्यानाकर्षण भएको र छापा मारेको बताइन्छ।

*लागु औषधसहित...*

सिमसहित बरामद भएको प्रवक्ता गिरीले जानकारी दिएकी छिन्।

उक्त प्रतिबन्धित लागू औषध २८८ एम्पुल सहित सामानहरू बरामद गरी समिर भुसाललाई पक्राउ गरेर लागू औषध मुद्दामा रौतहट जिल्ला अदालत रौतहटबाट अनुमति भई अनुसन्धान कार्य भइरहेको जिल्ला प्रहरी कार्यालय रौतहटको सूचनामा उल्लेख गरिएको छ। उता जिल्ला प्रहरी कार्यालय तथा मातहतका युनिटहरूले ९ लाख रुपैयाँ बढीको विभिन्न किसिमका अवैध सामान बरामद गरेको छ। ६७ हजार ७०० रुपैयाँको कपडा, १ लाख बराबरको खाद्यान्न, ४ लाख ४० हजार स्रोत नखुलेको रकम, र ३ लाख बराबरको मदिरा तथा सवारी साधन बरामद गरेको छ। बरामद सामानहरू आवश्यक कारबाहीको लागि जिल्ला भन्सार कार्यालय गौरमा बुझाएको प्रहरीको सूचनामा उल्लेख गरिएको छ।

## सुखिपुर...

श्रमिकले तोकिएको पारीश्रमिक नपाएको बताए।

सुखिपुर ६ का मजदुर सैदि सदायले आफूहरुलाई दैनिक ६६७ रुपैयाँका दरले पारीश्रमिक दिने भनेर तीन महिना काम गराए अहिले खातामा १० हजार ६ रुपैयाँमात्र हालेको बताए। उनले भने, ‘हामीलाई पहिला तिमीहरु कम गर, सवै पैसा एकैपटक खातामा जान्छ भने, पछि खातामा रकम गईसकको सूचना पाएपछि बैंकमा गएर हेर्दा तोकिएको एक चौथाई रकम पनि छैन।’ नगपालिकामा गुनासो गर्न आउँदा पनि कसैले नसुनेपछि कार्यालयमा ताला लगाउन बाध्य भएको बताए। उनीहरुले आफूहरु श्रम स्वशणमा परेकाले सरोकारबाला सवैलाई सहयोग गर्न समेत अपील गरे। उनीहरुले वडा नम्वर ६ र १० को वडा कार्यालयमा पनि ताला बन्दी गरेको छ। लामो समयदेखि कार्यालयमा तालाबन्दी हुँदा सेवा प्रभावित भएको छ। यस प्रति सम्वन्धित व्यक्तिहरुको ध्यान गएको छैन।

वडा नम्वर ६ का अध्यक्ष रामेश्वर साहले प्रधानमन्त्री स्वरोजगार अधिकारीले कामको लागि मजदुर माँगे पछि पठाएको बताए। वडा अध्यक्ष साहले पहिला दैनिक ज्यालादारी दिने भनेपनि अहिले आएर नाप–जाँचको आधारमा रकम दिएको भन्दै कर्मचारहरु पन्छिने गरेको आरोप लगाए। वडा अध्यक्ष साहले मजदुरहरुले तत्काल तोकिएको सुविधा पाउनु पर्ने र कार्यालय सूचारु गर्न नेतृत्वले पहल गर्ने पर्ने बताए।

तालाबन्दिका कारण नगरपालिकाबाट हुने सम्पूर्ण सेवा प्रभावित भएको छ। नगर प्रमुख, उपप्रमुख र प्रमुख प्रशासकीय अधिकृत यसप्रति उदासीन रहँदै आएको छ। तालाबन्दी भएको पाँच दिन वितिसक्दा पनि नगरपालिकाको तर्फबाट मजदुरहरुको दुखेसो सुनिएको छैन। सुखिपुर नगरपालिकाका मेयर राम औतार यादवलाई तपाईको कार्यालयमा तलाबन्दी गरेको रहेछ, कसले किन तालाबन्दी गरेको हो? भनी फोनबाट प्रश्न गर्दा उनले आफू अहिले बाहिर रहेको भन्दै फोन काटी दिए।

यस विषयमा जान्न प्रमुख प्रशासकीय अधिकृत महेश कुमार ठाकुरको कार्यालयको नम्वर ९८५२८२९१११ म फोन गर्दा फोन स्वीच अफ रहेको थियो। सम्वन्धित सरोकारबाला शाखाका स्वरोजगार अधिकारी अन्जिरा साहको पनि फोन उठेन। सूचना अधिकारी प्रमोद कुमार यादवले मजदुरहरुले पारीश्रमिक विवादका कारण तालाबन्दी गरेकाले आफू अहिले घरमै रहेको बताए। उनले भने, ‘विहान एक पटक कार्यालय गएको थिएँ, तालावन्दीका कारण फर्कीएर आएँ।’






# वर्षायाममा यी संक्रामक रोगको जोखिम, कसरी बच्ने ?

डा. सागरकुमार राजभण्डारी
फेमिली फिजिसियन

गर्मी तथा वर्षाको मौसम सुरु भएसँगै सरुवा रोगको जोखिम बढ्छ। पानीजन्य संक्रमण, खानपान, हावा र कीटाणुका कारण सरुवा रोग लाग्छ। वर्षायाममा भेल मिसिएर खानेपानीका स्रोतहरु दूषित हुन पुग्छन्। पानीमा जनावरको मलमूत्र मिसिएर पनि खानेपानीको स्रोत दूषित हुन्छ। त्यसैले दूषित पानीबाट सर्ने रोग गर्मी र वर्षयाममा धेरै हुन्छन्। यो बेला लामखुट्टे पनि बढी हुने भएकाले यसले पनि विभिन्न रोग निम्त्याउँछ। खानेकुरा चाँडै सड्ने र त्यसैमाथि झिंगा, लामखुट्टे, साङ्ला पनि धेरै पाइने भएकाले पनि यो समयमा संक्रमणको जोखिम धेरै हुन्छ। यस्तोमा गर्मी तथा वर्षामा लाग्ने मुख्य रोगहरू र बच्ने उपाय यस्ता छन्।

**झाडापखाला**

वर्षायाम सुरु भएसँगै झाडापखालाबाट बिरामी हुनेहरूको संख्या बढ्छ। प्रायः जीवाणु, विषाणु तथा परजीवी लगायत संक्रमणले गर्दा झाडापखाला लाग्छ। दूषित पानी पिएमा, सडेगलेको, झिंगा बसेको खाना खाएमा, काँचै खाने तरकारी वा फलफूल सफा नगरी खाएमा, हात नधोई खाना खाएमा दिसामा भएका रोगका जीवाणुहरू पानी, खाना र हातको माध्यमबाट शरीरभित्र प्रवेश गर्छ र झाडापखाला लाग्छ। झाडापखाला हुँदा बान्ता हुने, पेट दुख्ने, पेट गड्याङगुडुङ गर्ने, रक्तचाप कम हुने, हातखुट्टा र मांसपेशी दुख्ने, रिंगटा लाग्ने, ज्वरो आउने लगायत लक्षण देखा पर्छ। धेरै बान्ता र पखाला भएर जलवियोजन भएमा मानिसको मृत्यु समेत हुनसक्छ।

**बच्ने उपाय**

झाडापखाला खाना र पानीबाट सर्ने भएकाले स्वस्थ जीवनशैली तथा आनीबानी र स्वस्थ आहारविहारले यो रोग लाग्न तथा फैलिनबाट जोगाउँछ। खाना बनाउनुअघि, खानुअघि र दिसा धोइसकेपछि राम्रोसँग साबुन पानीले हात धुने, खानेकुरा राम्रोसँग पकाएर मात्र खाने, फोहोर, बासी तथा सडेगलेको खानेकुरा नखाने, पानी उमालेर मात्र पिउने, फलफूल, सागपात तथा सलादहरू राम्रोसँग धोएर तथा सफा गरेर मात्र खाने गर्नाले पनि झाडापखालाबाट बच्न सकिन्छ।

**हैजा**


दिसा मिसिएको पानी र खानाले हैजा लाग्छ। भिब्रियो नामक ब्याक्टेरियाका कारण हुने हैजा संक्रमित व्यक्तिको दिसाबाट अर्को व्यक्तिमा सजिलै सर्छ। दूषित पानी र खानाबाट समेत यो मानिसमा सर्छ। यसको संक्रमण भएमा बिरामीलाई चौलानी जस्तो दिसा हुने, तारन्तार पखाला लाग्ने, बान्ता हुने, मांसपेशी बाउँडिने, मानिस बेहोस हुने, ज्वरो आउने, टाउको दुख्ने, रिंगटा लाग्ने, शरीरमा पानीको मात्रा जस्ता लक्षण देखा पर्छन्।

**बच्ने उपाय**

वर्षायाममा सरुवा रोगबाट बच्न पानी उमालेर, शुद्धीकरण गरेर मात्रै पिउनु हुँदैन। तरकारी तथा फलफूल काँचै नखाने, राम्रोसँग पखालेर, पकाएर मात्र खानुपर्छ। घर वरपर सफा राख्ने, फोहोरजन्य वस्तु उचित तरिकाले विसर्जन गर्ने, अत्यधिक ज्वरो आउने, दिसामा रगत देखिने, दिनमा पाँच पटक भन्दा बढी पखाला लाग्ने जस्ता जटिल लक्षण देखिएमा तत्कालै स्वास्थ्य संस्थामा जानुपर्छ।

**टाइफाइड**

गर्मी मौसममा टाइफाइड हुने सम्भावना पनि बढी हुन्छ। साल्मोनेला टाइफी तथा टाइफी ब्याक्टेरियाले यो रोग लाग्छ। यसको सुरुवाती लक्षण ज्वरो हो। सुरुसुरुमा उच्च ज्वरो आउने, पेट दुख्ने, पखाला लाग्ने, शरीर कमजोर हुने, खोकी लाग्ने, खान मन नलाग्ने, कसैकसैमा शरीरमा गुलाबी खालको बिमिरा आउने जस्ता लक्षण देखा पर्छन्। यसको समयमा उपचार भएन भने आन्द्रा प्वाल परेर



रक्तस्राव पनि हुनसक्छ। चिकित्सकको सल्लाह बमोजिम औषधि सेवन गर्नुपर्छ।

**बच्ने उपाय**

टाइफाइडबाट बच्न पनि सरसफाइमा विशेष ध्यान दिनुपर्छ। पानीलाई राम्ररी उमालेर चिसो भएपछि मात्र पिउने, खानुअघि राम्ररी हात धुने, तारेको, भुटेको खानेकुरा नखाने, जतिसक्दो, ताजा र पौष्टिक आहारा खाने र टाइफाइडग्रस्त मानिसको संसर्ग नबस्ने आदि कुरामा ध्यान दिनुपर्छ।

**डेंगु**

एडिस जातिका (एजिप्टाइ र अल्बोपिक्टस) पोथी लामखुट्टेको टोकाइबाट संक्रमण हुने भाइरल ज्वरोमध्ये एक डेंगु पनि हो। ज्वरो आउने, आँखा रातो हुने र दुख्ने, टाउको, पेट, जोर्नी र मांसपेशी दुख्ने, आलस्य हुने जस्ता डेंगुका सुरुवाती लक्षणहरू हुन्।

**बच्ने उपाय**

डेंगु ज्वरोबाट बच्न लामखुट्टेको टोकाइबाट बच्नुका साथै लामखुट्टेको वृद्धि रोक्नुपर्छ। यसका लागि पानी जम्न सक्ने भाँडाहरू जस्तै गमला, फूलदान, खाली बट्टा, अलकत्रा वा मट्टितेलका खाली ड्रमहरू, गाडीका काम नलाग्ने टायरहरूमा पानी जम्न दिनुहुँदैन। पानीको ट्याङ्कीलाई लामखुट्टे प्रवेश गर्न नदिने गरी छोपेर राख्ने पर्छ भने कुलरमा रहेको पानीमा प्रत्येक हप्ता एक–दुई चम्चा मट्टितेल हालिदिने साथै जम्मा भएको पानी सफा गर्न सकिन्छ।

**औलो**

औलो पनि लामखुट्टेकै टोकाइबाट लाग्ने रोग हो। यो रोग संक्रमित पोथी एनफिलिज लामखुट्टेको टोकाइबाट सर्ने गर्छ। औलो संक्रमित बिरामीलाई एकदमै जाडो अनुभव हुने, कामज्वरो आउने, अत्यधिक पसिना आउने, टाउको दुख्ने, बान्ता हुने, शरीर दुख्ने, ४८ वा ७२ घण्टाको फरकमा ज्वरो आउने जस्ता लक्षण देखिन्छन्। यो रोग लामखुट्टेले टोकेर परजीवीहरू शरीरमा प्रवेश गरेको सामान्यतया १० देखि १५ दिनभित्रमा देखिन सुरु हुन्छ। समयमै उपचार भएन भने बिरामीको मृत्यु समेत हुन्छ।

**बच्ने उपाय**

औलोबाट बच्न पनि लामखुट्टेको टोकाइबाट बच्नुपर्छ। त्यसका लागि झुल तथा लामखुट्टे भगाउने रसायनहरूको प्रयोग गर्नुपर्छ। लामखुट्टेको टोकाइ कम गर्ने वा लामखुट्टेको नियन्त्रणका लागि कीटनाशक औषधि छर्किने तथा घर वरपर पानी जमेका खाल्डाखुल्डी पुर्नुपर्छ। राति सुत्दा सधैं झुल प्रयोग गर्ने तथा घरबाहिर निस्कँदा लामखुट्टेको टोकाइबाट बच्ने मलमको प्रयोग गर्नु नै औलोबाट बच्ने प्रमुख उपाय हो।

**जन्डिस (हेपाटाइटिस ए, ई)**

दूषित पानी र खानपानबाट एक व्यक्तिबाट अर्को व्यक्तिमा हेपाटाइटिस ‘ए’ र ‘ई’ अर्थात् जण्डिस सर्न सक्छ। गर्मी तथा मनसुनमा पानीको स्रोत दूषित हुने र सफाइमा कमी भए यो रोगको भाइरस मानिसको पेटमा प्रवेश गर्छ। यो रोग लागेमा आँखा पहेंलो हुने, खानामा रुचि कम हुने, पेट दुख्ने, ज्वरो आउने, पिसाब हल्का कालो हुने, कमेरो खालको दिसा आउने, टाउको दुख्ने, थकान महसुस हुने लगायत लक्षण देखा पर्छन्।

**बच्ने उपाय**

जन्डिसबाट बच्न शुद्ध पानीको प्रयोग गर्नुपर्छ। सरसफाइमा विशेष ध्यान दिनुपर्छ र सफा तथा सन्तुलित खाना खाना खानुपर्छ।

# ५ वर्ष जेल बसेर छुटेपछि फेरि अपराध, घरमै बोलाएर युवकको हत्या

विराटनगर,१७ साउन। ज्यान मुद्दामा जेल परेका र कैद माफी मिनाहा पाएर छुटेका एक व्यक्तिबाट मोरङमा फेरि अर्को हत्या भएको छ। मंगलबार राति मोरङ उर्लाबारीका २४ वर्षीय कुशल दाहालको हत्या आरोपमा उर्लाबारी नगरपालिका–५ का ३५ वर्षीय सुवास तामाङ पक्राउ परेका छन्। उर्लाबारी ४ का दाहाललाई आफ्नै घरमा लगेर तामाङले छुरा प्रहार गरेको प्रहरीले बताएको छ। जिल्ला प्रहरी कार्यालय मोरङका प्रहरी उपरीक्षक नवराज कार्कीका अनुसार ८ असोज २०७१ मा साथीको हत्या गरेपछि पक्राउ परेका तामाङलाई १० वर्ष कैद सजाय तोकिएको थियो। तर उनी २०७६ सालको गणतन्त्र दिवशमा छुटेका थिए।

त्यसको एक वर्ष नबित्दै उनी ज्यान मार्ने उद्योगको आरोपमा पक्राउ परे। ८ भदौ २०७७ मा उनलाई जिल्ला अदालत मोरङबाट दुई वर्ष ६ महिना कैद सजाय भयो। सोही वर्ष ब्राउन सुगर कारोबारको कसुरमा तीन महिना कैद सजाय भएको थियो। ब्राउन सुगरको फैसला हुँदा उनी ज्यान मार्ने उद्योगको मुद्दामा सजाय काटिरहेका थिए। सजय भुक्तानपछि छुटेका उनी २४ असोज २०८० मा जिल्ला अदालतको आदेशपछि धरौटी बुझाउन नसकेर कारागार चलान भए। भोलिपल्ट एक लाख रुपैयाँ धरौटी बुझाएर छुटेका थिए।

मंगलबार आफ्नै घरमा आएका कुशलको हत्यापछि फरार भएका उनी बुधबार दिउँसो पक्राउ परेको प्रहरी उपरीक्षक कार्कीले बताए। दाहालको मंगलबार साँझ हत्यापछि फरार तामाङलाई बस चढेर भाग्दै गर्दा सुन्दरहरैंचा नगरपालिका–४ दुलारीबाट प्रहरीले पक्राउ गरेको हो। उनीविरुद्ध प्रहरीले ज्यानसम्बन्धी मुद्दामा अनुसन्धान सुरु गरेको छ। तामाङले अन्य युवाहरुको सहयोग लिएर दाहाल र उर्लाबारी–४ कै ३१ वर्षीय सञ्जय आचार्यलाई साँझ ६ बजेतिर आफ्नो घरमा लगेका थिए। उर्लाबारी–५ स्थित उद्योग वाणिज्य संघको कार्यालय नजिक रहेको घरमा उनी एक्लै बस्थे। घरमा पुगेपछि मोबाइल चोरेको आरोपमा आक्रमण गर्दै छुरा प्रहार गरेका थिए। प्रहरीले तामाङसँगै रहेका अन्य स्थानीय युवाहरुको पनि खोजी गरिरहेको छ।

तामाङको आक्रमणबाट गम्भीर घाइते भएका दाहाललाई आचार्यले नै सीटी सफारीमा राखेर उपचारका लागि उर्लाबारीको गोदावरी अस्पताल पुर्‍याएका थिए। त्यहाँ सम्भव नभएपछि थप उपचारका लागि झापा बिर्तामोडको बीएन्डसी अस्पताल लगियो। बिर्तामोडमा उपचारका क्रममा मृत्यु भएको थियो।

**पटके अपराधी**

ज्यान मुद्दामा दोषी ठहर भएर कैद भुक्तान गरेपछि छुटेका तामाङ पटक पटक अपराधिक घटनामा संलग्न भएका छन्। ८ असोज २०७१ मा उनले आफ्नै घर अगाडि उर्लाबारी–२ का नवीन राईको हत्या गरेका थिए। सो मुद्दामा जिल्ला अदालत मोरङले तामाङलाई दोषी ठहर गर्दै जन्मकैदको सजाय सुनाएको थियो। तर तत्कालीन जिल्ला न्यायाधीश ऋषिराम निरौलाको इजलासले २७ माघ २०७१ मा गरेको फैसला उच्च अदालत विराटनगरले उल्टाइदियो।

उच्च अदालत विराटनगरका तत्कालीन न्यायाधीश कुमारप्रसाद पोखरेल र शिवराज अधिकारीको संयुक्त इजलासले २९ भदौ २०७३ मा तामाङलाई १० वर्ष कैद सजाय हुने फैसला गरेको थियो। १० जेठ २०७५ मा सर्वोच्चले उच्चको फैसला सदर गरेको थियो। जिल्लाको फैसला उल्टिएर तीन तहको अदालतबाट मुद्दा किनारा लागेपछि २०७६ सालमा गणतन्त्र दिवशमा उनले आधा सजाय (पाँच वर्ष) माफी मिनाहा पाएर छुटेका थिए। त्यसपछि पनि उनी पटक पटकको घटनामा पक्राउ परेका प्रहरीले बताएको छ।

बर्षातको समयमा पानीजन्य संक्रमण रोगहरुको जोखिम बढी हुने भएकाले खानपिन तथा सरसफाइमा विशेष ध्यान दिऔं।


# लोकमार्ग अवरुद्ध

बर्दीबास, १६ साउन। चुरे क्षेत्रमा मंगलबार राति परेको भारी वर्षाका कारण ढुङ्गे खोलामा आएको बाढीले सडक कटान गर्दा पूर्वपश्चिम लोकमार्ग रातिदेखि अवरुद्ध भएको छ। बाढीले बर्दिबास–५ स्थित जङ्गली क्षेत्रमा पर्ने फबेलगाछी पुलको पश्चिमतर्फको अप्रोच कटान गर्दा लोकमार्गमा बुधबार राति २ बजेदेखि दुइतर्फी आवागमनमा समस्या भएको छ। बाढीले कटान जारी राखेकोले प्रहरीले पूर्वतर्फको गाडीलाई गौशाला रोड र पश्चिमतर्फका सवारीलाई लक्ष्मिनिया चोकबाट हुलाकी सडक हुँदै गन्तव्यतर्फ पठाएको छ। डाइभर्ट भएका गाडीले करिब ६० किमी घुमाउरो बाटो क्रस गर्नुपरेको छ।

इलाका प्रहरी बर्दिबासका डिएसपी रेवतीरमण पोखरेलका अनुसार जङ्गली क्षेत्रमा सडक कटान गरेकोले रातिदेखि नै घटनास्थलमा व्यापक सुरक्षा परिचालन गरिएको छ। कटान क्षेत्रमा सडक कार्यालयले बिहान ८ बजेदेखि मर्मत प्रयास गरिरहेको

–बाँकी अन्तिम पेजमा

# तराईमा हुने आपराधिक गतिविधिमा राजनीतिक दलहरू आफै संलग्न छन्: रघुजी पन्त



काठमाडौं, १६ साउन। सत्तारूढ नेकपा (एमाले) का सांसद एवं पूर्वमन्त्री रघुजी पन्तले तराईमा हुने आपराधिक घटनामा राजनीतिक पार्टीका मानिसहरू आफै संलग्न रहेको आरोप लगाएका छन्। बुधबार संघीय संसद प्रतिनिधि सभा अन्तर्गतको राज्य व्यवस्था तथा सुशासन समितिको बैठकमा उनले सो जिकिर गरेका हुन्। तराईका राजनीतिज्ञहरूले कुनै न कुनै रूपमा त्यहाँ हुने आपराधिक गतिविधिमा सम्बन्ध राखेका कारण त्यहाँको अपराध नियन्त्रण गर्न प्रहरीले नसकेको सांसद पन्तको जिकिर थियो। उनले सबै राजनीतिक दलका मानिसहरूको तराईमा आपराधिक गतिविधिमा सम्बन्ध भएकाले त्यहाँको अपराध नियन्त्रण गर्नका लागि सरकारले सो विषयमा विशेष ध्यान दिनुपर्ने बताए।

सांसद पन्तले खुला सीमानाको नियमनका कडाइ गर्नसके पनि नेपालको तराई क्षेत्रमा हुने आपराधिक गतिविधिमा आधा न्यूनीकरण गर्न सकिने दाबी गरे। उनले भने, 'हाम्रो तराईतिरको असुरक्षाका मूल कारण भनेको खुला सिमाना हो। त्यसकारण मेरो भनाइ के हो भने तराईको अपराधलाई नियन्त्रण गर्ने हो भने खुला सिमानालाई नियमन गर्न सुरू गरौं। र त्यसलाई बिस्तारै अरू अन्तर्राष्ट्रिय सिमानाजस्तै तहमा पुऱ्यायौं भने तराईमा देखिएको आधा अपराधको घटना नियन्त्रण हुन्छ। अब यो त प्रहरीको कन्ट्रोलमा छैन। दुई देश बीचको सम्बन्ध पनि हो। खुला सिमाना त प्रहरीले नियन्त्रण गर्न सक्दैन। तर हामीले बिर्सन नहुने कुरा के हो भने उतापट्टि चाहिँ उनीहरूले चाहेको बेला सिमाना टाइट गरिदिन सक्छन्।'

उनले अगाडि भने, 'यता हामीले भने चाहेको बेला गर्न सकिराखेका छैनौं। त्यसकारण यसमा के ध्यान दिइयोस् भन्दाखेरी दीर्घकालीन रूपमा यो खुला सिमानालाई नियमन गर्नैपर्छ। तर त्योभन्दा अगाडि तराईका पोलिटिसियनहरू कुनै न कुनै त्यहाँ हुने नकारात्मक गतिविधिसँग हामी सम्बन्ध पाउँछौं। यो दल, त्यो दल नभन्नुस्। तराईको यो सिरियस समस्या पनि छ। यो कुरामा सरकारले कडाइ गर्न सक्यो भने राम्रो हुन्छ। जब अपराधका घटनामा पोलिटिकल मान्छेहरू इन्भल्भ भएपछि पुलिसलाई गाली गरेर रोकिन्न।' सांसद पन्तले सुरक्षाकर्मीहरूलाई अत्यावश्यक वस्तुको अभाव हुन नदिन पनि सरकारलाई सचेत गराए।

# गुरु कामतको स्वास्थ्य नाजुक



लहान, १६ साउन। लक्ष्मीपुरपतारी गाउँपालिका-२, पोखरभिन्डा निवासी शास्त्रीय सङ्गीतका चर्चित सङ्गीतकार गुरुदेव कामतको स्वास्थ्य अवस्था नाजुक बन्दै गइरहेको छ। ६८ वर्षीय कामदको दुवै मिर्गौलाले काम गर्न छोडेपछि दिनप्रतिदिन स्वास्थ्य अवस्था नाजुक बन्दै गएको हो। उनी लहानस्थित रामकुमार शारडा उमाप्रसाद प्रादेशिक अस्पतालमा डायलासिस गराउँदै आएको छ। उनको सुगर लेभल बढेपछि थप उपचारका लागि बाहिर लैजानुपर्ने अवस्था आएको परिवारजनले बताएका छन।

कामतका कान्छो छोरा समीर कामतले भने, "आर्थिक अवस्थाले भ्याएसम्म करिब १० लाख रुपियाँ खर्चिएर उपचार गराइसक्यौं। अब थप उपचारका लागि आर्थिक अवस्थाले भ्याउन सक्ने अवस्था नभएपछि लक्ष्मीपुरपतारी गाउँपालिका र मधेश प्रदेश सरकारसँग अपिल गरेका छौं।" १० वर्षकै उमेरदेखि गीतसंगीतमा लाग्नुभएका गुरुदेव कामतले भारतको इलाहबादबाट सङ्गीत सिकेर सयौं शिष्य बनाएको छ। लहान-११ का पडरिया गाविसका पूर्वअध्यक्षसमेत रहनुभएको मागैन कामत भने, "सङ्गीतको क्षेत्रमा उनको योगदान उच्च रहेको छ। उनको गीतसङ्गीतले धेरैलाई मोहित पार्ने गर्थ्यो। कामत २०६१ सालदेखि काठमाडौँमा गुरुकुल शास्त्रीय सङ्गीतालय खोलेर नेपाली, मैथिली, भोजपुरी विभिन्न भाषामा योगदान दिएको थियो। अहिले उहाँको अवस्था नाजुक भएकाले मधेश प्रदेश सरकारले उहाँको उपचारका लागि सहयोग गरियोस् हाम्रो माग छ।"

प्रदेश सभा सदस्य राजेन्द्रप्रसाद चौधरी कामतको निवासमा पुगेर कामतको स्वास्थ्य उपचारका लागि जनसंख्या तथा स्वास्थ्य मन्त्रालयको ध्यान आकर्षण गराउनसमेत सक्रिय पहल थाल्ने बताए। यता लक्ष्मीपुरपतारी गाउँपालिका अध्यक्ष चतुरानन्द ठाकुरले उनको उपचारका लागि गाउँपालिकाले तत्कालै सहयोग गर्न प्रक्रिया थालेको बताए। मैथिली साहित्य परिषद्का सिराहा संयोजक तथा वरिष्ठ लेखक रामरिझन यादवले गुरुदेव कामतको उपचारका लागि तत्कालै सहयोग गर्न तीनै तहको सरकारसँग माग गरे।

# तीन प्रदेशका प्रमुख नियुक्त

काठमाडौं, १६ साउन। राष्ट्रपति रामचन्द्र पौडेलले तीन वटा प्रदेशका प्रमुख नियुक्त गरेको छ। सरकारको सिफारिशअनुसार राष्ट्रपति पौडेलले बाग्मती प्रदेशमा दीपकप्रसाद देवकोटा, लुम्बिनी प्रदेशमा कृष्णबहादुर घर्तीमगर र कर्णाली प्रदेश प्रमुखमा यज्ञराज जोशीलाई नियुक्त गर्नुभएको राष्ट्रपति कार्यालयले जनाएको छ। यसअघि राष्ट्रपतिले आजै बाग्मतीका प्रदेश प्रमुख यादवचन्द्र शर्मा, लुम्बिनीका प्रदेश प्रमुख अमिक शेरचन र कर्णालीका प्रदेश प्रमुख तिलक परियारलाई पदमुक्त गरेको थियो।

यस्तै राष्ट्रपति रामचन्द्र पौडेलले नेपाली सेनाको कायममुकायम प्रधानसेनापतिको जिम्मेवारी वरिष्ठ रथी अशोकराज सिग्देललाई दिनुभएको छ। सरकारको सिफारिशमा राष्ट्रपतिले आज सिग्देललाई कायममुकायम प्रधानसेनापति तोकिएको छ। अहिलेका प्रधानसेनापति प्रभुराम शर्माको तीन वर्षे कार्यकाल आउँदो भदौको २४ गते सकिने भए पनि एक महिनाअघि नै बिदा बस्ने सैनिक परम्परा भएकाले सरकारले सिग्देललाई कायममुकायम प्रधानसेनापतिको जिम्मेवारी दिएको हो।

***लोकमार्ग...***

छ। सडक डिभिजन कार्यालय जनकपुरका डिइ दीपककुमार झाले मर्मत कार्य तीव्रगतिमा भइरहेको बताउनुभयो। बाढीले १० मिटर लम्बाइ र करिब अढाई मिटर गहिरो खाल्डो पारेकोले अपराहनपछि मात्र लोकमार्ग खुल्न सक्ने बताए।

# मिटरब्याजीले हत्या गराएको भन्दै जनकपुरमा शवसहित धर्ना



जनकपुर, १६ साउन। धनुषामा कुटपिटबाट हत्या गरिएका धनुषाधाम नगरपालिका-२ मंगलपुरका ४५ वर्षीय भोगेन्द्र ठाकुरको शवसहित मिटरब्याज पीडितले प्रदर्शन गरेका छन्। जनकपुरधामस्थित स्मसानघाट स्वर्गद्वारीमा मंगलबारदेखि नै शव राखेर मिटरब्याज पीडितहरु धर्नामा बसेका हुन्। ठाकुरको शव मंगलबार प्रादेशिक अस्पतालले पोस्टमार्टम गरेर आफन्तलाई जिम्मा लगाएपछि जलाउन लगिएको थियो। तर मृतक ठाकुर मिटरब्याज पीडित रहेको र उनको हत्या मिटरब्याजीको योजनामा भएको दाबी गर्दै जलाउन रोकिएको हो। स्मसानघाटमै शव राखेर सयौंको संख्यामा बुधबार पनि प्रदर्शनमा उत्रिए।

ठाकुरको सोमबार बिहान घरमै कुटपिट गरी हत्या भएको थियो भने उनको श्रीमती श्यामु ठाकुर गम्भीर घाइते भएकी छन्। धनुषाका प्रहरी प्रवक्ता रञ्जन अवाका अनुसार सोमबार बिहान ठाकुरको हत्या भएको थियो। हत्या आरोपमा स्थानीय ४५ वर्षीया सुरजी मुखिया र उनका छोरा २१ वर्षीया नागेश्वर मुखिया पक्राउ परेका छन्। घटना पश्चात मिटरब्याज पीडित संघर्ष समितिले मृतक मिटरब्याज पीडित रहेको बताएको छ। उनको हत्या स्थानीय मिटरब्याजी शिवजी यादवको योजनामा भएको दावी गर्दै उनीसहित घटनामा संलग्न अन्यलाई पनि पक्राउ गरेर कारबाही गर्नुपर्ने मिटरब्याज पीडितको माग छ।

मिटरब्याजी शिवजीलाई पक्राउ नगरेसम्म शव नजलाउने मिटरब्याज पीडित संघर्ष समितिका अध्यक्ष मनोज पासवानले बताए। पासवानका अनुसार मृतक ठाकुरले शिवजीबाट ३ लाख ५० हजार रुपैयाँ ऋण लिएका थिए। ऋणको उचित व्याजसहित साँवा दिन तयार रहेपनि शिवजीले नमानेकाले उनीहरुबीच बीच विवाद हुने गरेको थियो। यही कारण शिवजीले पटक पटक ज्यान मार्नेसम्मको धम्की दिएपछि केही दिनअघि ठाकुरले जिल्ला प्रहरी कर्यालय धनुषामा शिवजीमाथि मिटरब्याजसम्बन्धी उजुरी दिएको अध्यक्ष पासवानको भनाई छ। त्यसकै निहुँमा शिवजीकै योजनामा हत्या भएको हुन सक्ने पासवानको आरोप छ।

शिवजी यादव, मुकेश मुखिया, सुरज मुखिया, चान्दी मुखिया र मनिष मुखियालाई पक्राउ नगरेसम्म ठाकुरको शव नजलाउने मिटरब्याज पीडितहरुको अडान छ।

# कमला नदीमा फसेका तीनजनाको उद्धार



**विजयकुमार साह**

ढल्केबर, १६ साउन। धनुषास्थित कमला नदीमा फसेका तीनजनालाई सकुशल उद्धार गरिएको छ। सबैला नगरपालिका-१३, किरतपुरस्थित कमला नदीमा फसेका तीनजनालाई सकुशल उद्धार गरिएको प्रहरीले जनाएको छ। इलाका प्रहरी कार्यालय सबैलाका प्रहरी निरीक्षक सुन्दर चौलागाईंले सोही ठाउँका १७ वर्षीय राजेश यादव, ४० वर्षीय नथुनी यादव र शिवराम यादवलाई कमला नदीको बिच भागबाट उद्धार गरिएको बताए। उनीहरू बुधबार बिहान दाउरा संकलन गर्न गएको अवस्था एक्कासि बाढीको बहाव बढेपछि नदीमा फसेको उनले जानकारी दिए।

सशस्त्र प्रहरी बेस क्याम्प रघुनाथपुर र सबैला नगरपालिकाबाट खटिएका नगर प्रहरीको सहयोगमा लाइफ ज्याकेट, ट्युब र डोरीको सहायताले उद्धार गरिएको प्रहरी निरीक्षक चौलागाईंले बताए। उद्धार कार्यमा सबैला नगरपालिकाका नगरप्रमुख कारीराम यादवले सहयोग गरेको थियो।

***नेपालका...***

गत आर्थिक वर्षमा ५९४ जनालाई प्यारोलमा छोडिएको र यो वर्ष असल चाल चलन भएका ६०१ जना कैदीलाई माफीका लागि प्रस्ताव गरिएको आचार्यले बताए। यो आर्थिक वर्षदेखि कैदी बन्दीहरुको एकीकृत विवरण राख्नका लागि सफ्टवेयर बनाउन लागिएको जानकारी दिए।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक/सम्पादक** : कमलेश कुमार यादव, **सह-सम्पादक** : सत्य नारायण चौधरी, **प्रवन्धक** : नविन यादव, कानुनी सल्लाहाकार :कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले-आउट : मार्गानुगामी दैनिक**
**कार्यालय** : गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ e-mail : mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक** : यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)